# महाराजगंज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

महाराजगंज, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः ०८१/०८२
चलानी नंः १२३९

मितिः २०८१/१०/०७

श्री महाराजगंज नगरपालिका अन्तर्गत सञ्चालित विद्यालय, (सबै)
महाराजगंज नगरपालिका, कपिलवस्तु ।

विषयः विद्यालय सञ्चालन अनुमति तथा कक्षा थप सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८२ का लागि विद्यालय सञ्चालन अनुमति/कक्षा थप एवम् कक्षा ११ र १२ को विषय थप समेत लिन इच्छुक विद्यालयहरुले महाराजगंज नगरपालिकाको नगर शिक्षा नियमावली २०७८ (संशोधन सहित) को अनुसूची २ बमोजिमको विद्यालय खोल्नका लागि चाहिने पूर्वाधार पुरा गरी तोकिएको ढाँचामा तपसिल बमोजिमको आवश्यक कागजात संलग्न गरी मिति २०८१/१०/१८ गते भित्र आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।तोकिएको समयावधीमा आवश्यक कागजात पेश नभएका तथा रीतपूर्वक कागजात नपुगेको निवेदन उपर कारवाही नहुने वेहोरा समेत अवगत गराइन्छ ।

तपसिलः

<u>नयाँ विद्यालयको हकमाः</u>

१. नगर शिक्षा नियमावली, २०७८ (संशोधन सहित) को अनुसूची १ बमोजिमको ढाँचामा आवेदन ।
२. सम्बन्धित वडा समितिको सिफारिस ।
३. अभिभावकको भेलाबाट गठित विद्यालय सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।
४. नजिकको समान तहको ३ (तीन) वटा विद्यालयको सहमति पत्र ।
५. गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्ने भए स्वीकृत शैक्षिक गुठीको विधानको प्रमाणित प्रतिलिपि र प्रस्तावित विद्यालयको पञ्च वर्षीय कार्ययोजना ।
६. शैक्षिक गुठी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
७. घर जग्गा लालपूर्जाको प्रतिलिपि वा जग्गा वा भवन भाडामा लिने भए कम्तिमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र तथा सम्झौता पत्र ।
८. प्रस्तावित विद्यालय क्षेत्रको शैक्षिक नक्सा ।
९. शिक्षक तथा विद्यार्थी विवरण ।
१०. शिक्षक व्यवस्थापन तथा आर्थिक स्रोत विद्यालयबाटै सुनिश्चित हुने प्रतिबद्धता पत्र ।

<u>कक्षा तथा विषय थपको हकमाः</u>

१. नगर शिक्षा नियमावली, २०७८ (संशोधन सहित) को अनुसूची १ बमोजिमको ढाँचामा आवेदन।
२. विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि (कक्षा थप सम्बन्धमा) ।
३. विद्यालयको कक्षा थप माग सम्बन्धी पत्र ।

...विन्द्र प्रसाद चौधरी
...प्रशासकीय अधिकृत

महाराजगंज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
महाराजगंज, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्याः ०८१/०८२
चलानी नं: ९२५९

मितिः २०८१/१०/०७

४. तल्लो कक्षाको अनुमति पत्रको प्रतिलिपि ।
५. नजिकको समान तहको ३ (तीन) वटा विद्यालयको सहमति पत्र ।
६. IEMIS अद्यावधिक भएको हुनुपर्ने ।
७. कम्पनी/गुठी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलपि ।
८. कम्पनी वा शैक्षिक गुठीको विधान वा नियमावलीको प्रमाणित प्रतिलिपि ।
९. संस्थागत कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।
१०. विद्यालय सुधार योजना, समाजिक परीक्षण प्रतिवेदन तथा आ.व २०८०/०८१ को
११. आर्थिक लेखापरीक्षण प्रतिवेदन ।
१२. आवश्यक भौतिक पूर्वाधारको विवरण र कक्षागत विद्यार्थीको विवरण ।
१३. पाठ्यपुस्तक तथा कक्षाको शुल्क विवरण (संस्थागत विद्यालयको हकमा)
१४. शिक्षक व्यवस्थापन तथा आर्थिक सुनिश्चितताको पत्र ।

रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः Website मा अपलोड गरिदिनुहुन ।